**INTELLECTUAL INCEPTION: A Multidisciplinary Research Journal of Bhojpur Campus**
(Peer Reviewed)
ISSN: 2990-7934, Volume 3, Issue 1, June 2025, pp 72-85
Published by Research Management Cell (RMC), Bhojpur Multiple Campus, Bhojpur
E-mail: rmcbhojpur@gmail.com

# 'वि.सं. २०८१ को मुनामदन' कथामा विनिर्माण

सीता अधिकारी थापा
उपप्राध्यापक, नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान

***Article History:*** Submitted 3 April 2025; Reviewed 11 May 2025; Revised 16 June 2025
***Corresponding Author:*** Sita Adhakari Thapa, Email: adhikari.sitath@gmail.com
***DOI:*** https://doi.org/10.3126/iimrjbc.v3i1.81407

## *सार*

*प्रस्तुत लेखमा 'वि.सं.२०८१ को मुनामदन' कथाको विनिर्माणिक अध्ययन गरिएको छ । विवेच्य कथामा नेपाली साहित्यको चर्चित काव्यकृति मुनामदनको कथ्यसन्दर्भको आख्यानीकरण गर्दै समकालीन परिवेशमा पुनर्सिजन प्रक्रियाद्वारा विनिर्माण गरिएको छ । यसमा साहित्यिक पाठको विनिर्माणका विभिन्न प्रक्रियामध्येको पुनरावृत्ति, विधाभञ्जन, विधामिश्रण, पुनर्लेखन आदि प्रक्रियाद्वारा परम्परित विधागत संरचनाको भञ्जन र पुनःनिर्माण गरिएको छ । विवेच्य कथामा पूर्वपाठका रूपमा रहेको मुनामदन खण्डकाव्यको कथ्यवस्तु र पात्रलाई आधार बनाएर आख्यानको रूपमा विधान्तरण गरिएको छ । यसरी विगतदेखि वर्तमानसम्म पुनरावृत्त नियति बनेको नेपाली युवाहरूको विदेसिनुको व्यथालाई बहुल कथ्यको संयोजन गरी पुनर्निर्माण गर्नु विनिर्माण प्रवृत्ति हो । यस कथामा विनिर्मित सन्दर्भको पहिचान गरी तिनको विश्लेषण गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक पद्धतिको रहेको छ । यस लेखमा पाठविश्लेषण विधिको प्रयोग गर्दै विभिन्न पुस्तक तथा अन्य स्रोतबाट सामग्री लिएर सैद्धान्तिक आधार निर्माण गरिएको छ । यस कथामा मूलतः पूर्वपाठको कथ्य र पात्रको पुनरावृत्तिद्वारा अमेरिकालाई सपनाको स्वर्ग ठान्ने मानिसहरूको भ्रम तोड्दै अर्थमा समेत विनिर्माण गरिएको छ । यस अध्ययनबाट कथामा आख्यानभित्र आख्यानेत्तर विधाका कवितात्मक एवम् संवादात्मक तत्त्वहरूको प्रयोगका कारणले पनि विनिर्माण प्रवृत्ति देखिएको छ भन्ने तथ्य प्राप्त भएको छ । अतः यस लेखमा पाठकेन्द्री विश्लेषणद्वारा विवेच्य 'वि.सं.२०८१ को मुनामदन' कथा पुनर्लेखन प्रक्रियाद्वारा विनिर्मित भएको निष्कर्ष रहेको छ ।*

*शब्दकुञ्जी* : विधान्तरण, काव्यात्मक, विधाविघटन, नाटकीयता, पुनर्निर्माण

## विषयपरिचय

कथाकार रमेश क्षितिज (२०२४) समकालीन नेपाली साहित्यका चिरपरिचित स्रष्टा हुन् । साहित्य सिर्जनामा चालीसको दशकदेखि कविता एवम् गीतिलेखनका माध्यमबाट निरन्तर सक्रिय क्षितिजका १७ ओटा कथाहरू हालसालै प्रकाशित कथासङ्ग्रह *एउटा मायी नगरमा* (२०८१) मा सङ्कलित छन् । कथाकार क्षितिजले समकालीन समाजका अत्यन्त सूक्ष्म विषयवस्तुलाई निरीक्षण गरेर तिनलाई नवीन शैलीमा प्रस्तुत गरेका छन् । ती कथामा मूलतः वैयक्तिक, सामाजिक तथा राजनैतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिका साथै वैश्विक र युगीन यथार्थको प्रस्तुतीकरण

गरिएको पाइन्छ । समसामयिक विविध विषयवस्तुलाई काव्यात्मक भाषाशैली, नाटकीयता, वैचारिकता, बहुलता, बर्तुलित ढाँचाको प्रयोगका साथै अन्तर्वस्तु र शिल्पशैलीमा प्रयोगशीलता, बहुलता र नवीनता क्षितिजका कथागत वैशिष्ट्य रहेका छन् । प्रस्तुत 'वि.सं.२०८१ को मुनामदन' कथामा इतिहासदेखि वर्तमानसम्म बिदेसिनु पर्ने नेपाली युवाको नियति बनेको समस्यालाई विषयवस्तुका रूपमा समेटिएको छ । सत्य सधैँ उही नरहने हुनाले समय-सान्दर्भिक रूपमा हरेक विषयलाई पुनः परिभाषित गरिनुपर्छ वा पुनर्लेखन हुनुपर्छ भन्ने विनिर्माणवादी मान्यता रहेको छ । यस कथामा आधुनिक नेपाली साहित्यको प्रारम्भतिरैको समयमा महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित चर्चित काव्यकृति *मुनामदन*लाई आधार मानी त्यसको कथ्यवस्तु र पात्रलाई समकालीन सन्दर्भअनुरूप फरक ढङ्गमा पुनसिर्जन गरिएको छ ।

प्रस्तुत 'वि.सं.२०८१ को मुनामदन' कथामा समसामयिक विषयवस्तुलाई प्रस्तुत गरिएको छ । यो समकालीन समाजको यथार्थलाई नवीन शैलीमा प्रस्तुत गर्दै लेखिएको प्रयोगपरक कथा हो । यसमा हाम्रै समाज वरिपरिका घटना र चिरपरिचित अनुहारका चरित्रहरू देखिएका छन् । शीर्षकका आधारमा नै यस कथामा लोकप्रिय कृतिलाई प्रत्यक्ष भोक्ताका दृष्टिकोणबाट अहिलेको समय सन्दर्भमा लेखिएको वा पूर्व पाठको पुनर्लेखन गरिएको छ भन्ने अनुमान लगाउन सकिन्छ । यसमा मिथकीय रूपमा स्थापित पात्रहरू मुना र मदनलाई यथावत् राखी सोही कृतिको कथ्यको विनिर्माण गरिएको छ । पूर्वकृतिको विषयवस्तु र पात्रहरू नै पुनरावृत्त भएको कथामा युवाहरूको वैदेशिक रोजगारप्रतिको आकर्षण, देखासिकीको मनोवृत्ति, रहर, बाध्यता, पीडाका बहुल यथार्थलाई अत्यन्त सशक्त रूपमा प्रस्तुत गरिएको छ । विनिर्माणका दृष्टिकोणबाट प्रस्तुत कथा काव्यबाट आख्यानमा रूपान्तरित गरिएकाले यसलाई विधान्तरित कृतिका रूपमा अध्ययन गर्न सकिन्छ । आजभन्दा नौ दशकअघिको तत्कालीन समयसन्दर्भमा लेखिएको *मुनामदन*को कथावस्तुले प्रस्तुत गरेको विदेश पलायनको प्रवृत्ति वर्तमान समयमा पनि उत्तिकै तर फरक तरिकाले पुनरावृत्ति भइरहेको देखिन्छ । लयको मुनामदन काव्यको कथ्यलाई गद्याख्यानमा विधान्तरण गरी कथाको स्वरूप दिइएको यस कथाको शीर्षकले नै कुतूहलता सिर्जना गरेको छ । त्यसलाई आजको सन्दर्भबाट पुनर्सिर्जित गर्दै अत्याधुनिक समय, सोचविचार, प्रविधिले धेरै ठूलो फड्को मारे पनि रहर र कहरले विदेसिनु पर्ने नेपालीहरूले अवस्थामा खासै परिवर्तन हुन नसकेको यथार्थलाई कथामा प्रस्तुत गरिएको छ । कथालेखनको परम्परित ढाँचाभन्दा फरक यस कथामा कविता र नाटकीय तत्त्वको उपस्थिति पाइन्छ । यस कथामा कथाका विधागत तत्त्वहरूको उत्क्रमण भई काव्यात्मकता र नाटकीयताले विनिर्माण प्रवृत्ति रहेको छ ।

विनिर्माण साहित्य समालोचनाका विविध प्रक्रियामध्येको एक हो । साहित्यिक कृतिलाई पाठका रूपमा अध्ययन विश्लेषण गर्ने यसका बहुलवादी प्रक्रिया देखिएका छन् । बहुलता, विधामिश्रण, विधाभञ्जन, विपठन, विधान्तरण, अन्तर्पाठीयता, पुनसिर्जन लगायतका विविध प्रक्रियाबाट पाठको विनिर्माण गरिएको हुन्छ । साहित्यको कुनै पनि एउटा विधामा अन्य विधातत्त्वका मिश्रण हुनु विधामिश्रण तथा विधागत तत्त्वहरूको उपस्थिति हुँदा मूल विधाको संरचनात्मक स्वरूप भत्किने प्रक्रियालाई विधाभञ्जन भनिन्छ । विधाभञ्जन र विधामिश्रण बहुअनुशासनात्मक उत्तरआधुनिक समालोचना पद्धतिको विनिर्माण प्रक्रिया पनि हुन् । साहित्यका विभिन्न विधामध्येको

आख्यान निश्चित उपकरणद्वारा निर्मित संरचना पनि हो । यसैगरी विधासिद्धान्तद्वारा निर्धारित आख्यानात्मक संरचना आधुनिक कथाका परम्परित कथालेखनमा परिवर्तन आएकाले विधाभञ्जन भएको देखिन्छ । प्रस्तुत 'वि.सं.२०८१ को मुनामदन' कथामा नेपाली साहित्यको चर्चित काव्यकृति मुनामदनको कथ्यसन्दर्भको पुनर्लेखनका साथै अन्य विधातत्त्वको मिश्रण भई विनिर्माण भएको छ भन्ने अवधारणामा यो लेख तयार गरिएको छ । त्यसैले यस कथामा कथ्यसन्दर्भको विनिर्माणमा केकस्ता पद्धतिको प्रयोग गरिएको छ ? र यसमा अर्थको विनिर्माण कसरी भएको छ ? भन्ने मूल जिज्ञासालाई विनिर्माणको सैद्धान्तिक अवधारणामा रहेर त्यसको प्राज्ञिक समाधान खोजिएको छ । हालसम्म 'वि.सं.२०८१ को मुनामदन' कथाको विश्लेषण विनिर्माणका दृष्टिकोणबाट नभएकाले यसै रिक्ततालाई परिपूर्ति गर्ने उद्देश्यमा केन्द्रित रहेकाले प्रस्तुत अध्ययनको औचित्य रहेको छ ।

## अध्ययनविधि

रमेश क्षितिजद्वारा लिखित 'वि.सं. २०८१ को मुनामदन' कथामा विनिर्माण' शीर्षकको यस लेखलाई प्रामाणिक निष्कर्षमा पुऱ्याउनका लागि प्राथमिक र द्वितीयक स्रोतका अध्ययन सामग्रीको उपयोग गरिएको छ । यसका लागि आवश्यक सामग्रीहरू पुस्तकालयीय विधिबाट सङ्कलन गरिएको छ । यसक्रममा 'वि.सं. २०८१ को मुनामदन' कथालाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने कथाको विश्लेषणका लागि आवश्यक सैद्धान्तिक र प्रायोगिक सामग्रीका रूपमा द्वितीयक स्रोतका समालोचकीय ग्रन्थ, शोधप्रबन्ध तथा विभिन्न लेख रचनाहरूलाई प्रयोग गरिएको छ । यसैगरी सङ्कलित सामग्रीको अध्ययनपश्चात् वर्णनात्मक विधिद्वारा विश्लेष्य विषयलाई प्रस्तुत गरिएको छ । विवेच्य कथाको व्याख्या र विश्लेषण विधिमा केन्द्रित रहेकाले प्रस्तुत लेख गुणात्मक प्रकृतिको रहेको छ । यसमा मूलतः पाठविश्लेषण पद्धतिको उपयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

विनिर्माण साहित्य सिर्जना र समालोचनाको एउटा प्रक्रिया हो । फ्रान्सेली दार्शनिक एवम् भाषाचिन्तक ज्याक डेरिडा (सन् १९३०-२००४)द्वारा प्रवर्तित विनिर्माण बहुलतामा आधारित उत्तरआधुनिकतावादी मान्यता हो । डेरिडाले जोन हप्किन्स विश्वविद्यालयमा प्रस्तुत गरेको कार्य*पत्र स्ट्रक्चर, साइन एन्ड प्ले इन द डिस्कोर्स अफ ह्युमन साइन्सेज*मा प्रस्तुत संरचनावादको खण्डन नै यसको मुख्य आधार हो । कुनै पनि संरचनाको प्रकृति स्थिर एवं विश्वव्यापी नहुने विनिर्माणको अवधारणा मूलतः संरचनावादको विरोधमा विकसित उत्तरसंरचनावादको रूपमा विकसित भएको हो । उत्तरसंरचनावादीहरूले कृति वा पाठलाई खण्डित पारी विवेचना गर्ने पद्धति अपनाउन थालेका र यसरी कृतिलाई हेर्ने साहित्यिक आलोचना वा विश्लेषणको प्रक्रियालाई डिकन्स्ट्रक्सन वा विनिर्माण नामकरण गरिएको हो (बेरी, २००९ : ६८) । यस मान्यताले साहित्यिक सिर्जनालाई एउटा निश्चित भाषिक संरचनाका रूपमा लिएर पाठलाई खण्डीकरण गर्दै त्यसको अध्ययन विश्लेषण गर्दछ । विनिर्माण सिर्जनात्मक प्रक्रिया पनि भएकाले यसले पाठमा पूर्वपाठका केकस्ता प्रविधिको प्रयोग गरिएको छ भन्नेमा विशेष चासो राख्दछ । निश्चित विधाकेन्द्रको रूपमा रहेका साहित्यिक विधाहरूको विनिर्माण गर्ने पद्धतिह हुँदा विधाभञ्जन हुन्छ । विनिर्माणका धेरै प्रक्रिया र पद्धतिहरू रहेका छन् । तीमध्ये विधामिश्रण र विधाभञ्जन पनि विनिर्माण प्रक्रियाका प्रकार हुन् (गौतम, २०६६, २४) । यसअनुसार साहित्यको एउटा विधामा अर्को विधाका तत्त्वहरूको उपस्थितिले विधामिश्रण

हुन्छ भने यस प्रक्रियाद्वारा विधाको संरचनामा हुने परिवर्तनले विधाभञ्जन हुन्छ । आख्यानका सन्दर्भमा कथामा कविता, नाटक, निबन्ध लगायतका विविध विधाका तत्त्वहरूको सम्मिश्रण हुनु विधामिश्रण हो । यसप्रकारको विधामिश्रणले विधाका विशिष्टतालाई भञ्जन गरिने भएकाले विधामिश्रणसँगै विधाभञ्जन पनि हुन्छ (श्रेष्ठ, २०७९, २१७) । साहित्यिक पाठमा विधामिश्रण तथा विधाभञ्जनले परम्परित विधामान्यताको उत्क्रमणको अवस्था देखिएको छ । एउटा विधामा अर्को विधाको महत्त्वपूर्ण प्रभाव परेपछि विधासिद्धान्त वा त्यसको मौलिक गुणहरूको पहिचान गर्नु अर्थहीन हुने स्थिति, सिर्जनामा विधासिद्धान्त निष्प्रभावी भई सृजना पाठमा रूपान्तर हुने अवस्थाले पाठलाई विनिर्माण गर्दै असीमित अर्थको रत्यात्मक पठनको स्थितिमात्र रहने विषयलाई विधाभञ्जनको आधार मानेको छ (एटम, २०६१, ८४) । साहित्यलाई मौलिक पाठका रूपमा नहेरी यसलाई पूर्व पाठहरूकै अवशेषबाट पुनर्निर्मित रहेको मान्यता र हेको छ। साहित्यिक विधालाई टुक्रे वा कलमी लेखन मान्ने विनिर्माणको अवधारणाले हरेक विधाको निर्मिति र स्वायत्ततामाथि प्रश्नचिन्ह खडा गर्दै पाठभित्रका अन्तर्विरोध, अनिश्चितता आदिलाई बहुलवादी मान्यताका आधारमा अध्ययन विश्लेषण गर्दछ ।

विनिर्माण उत्तरआधुनिकताको मिसमास र खण्डीकरणको पद्धति हो । उत्तरआधुनिकताले साहित्य र साहित्येतरलाई त्यति छुट्याइरहँदैन, मिसमासलाई प्रश्रय दिन्छ (भाउपन्थी, २०७०, ७२)। यसले विधाको स्थापित नियम वा परम्परालाई भत्काउँदै कथ्यविषय, पात्र, परिवेश, उद्देश्य आदिजस्ता संरचक घटकको विघटन तथा फरक तरिकाबाट पुनर्निर्माणमा जोड दिन्छ । कृतिको विधागत स्वरूप भत्काएर त्यसलाई अर्कै नयाँ स्वरूपमा तयार गरिने प्रक्रियालाई विनिर्माणमा विपठन वा पुनसिर्जनका रूपमा पनि हेरिन्छ । त्यस्तै एउटा विधाको पाठलाई अर्को विधाका रूपमा पुनर्सिर्जना गर्दा त्यसको संरचना र शिल्प-प्रविधिमा भिन्नता देखिनु पनि विनिर्माणिक प्रवृत्ति हो । विधाले एकै प्रकारका सिर्जनालाई अटाउन नसक्ने थाहा पाएर विश्वसाहित्यका सर्जकहरूलाई पुराना अनुशासन अमान्य हुन थालेकाले र विधाका बन्धन तोड्न थालेकाले एउटा विधाको सिर्जना गर्दा अर्को विधाका गुणहरू मिसाउन थालिएको हो (भट्टराई, २०६२, ७५) । सिर्जनामा पृथक विधागत तत्त्वहरूको मिश्रण गर्ने, पुनर्लेखन गर्ने विनिर्माणिक प्रवृत्ति विश्वव्यापी रूपमा रहेको छ भने यसबाट नेपाली साहित्य पनि प्रभावित देखिएको छ । आधुनिक कथामा विभिन्न स्रोतबाट कथावस्तु लिइएको हुन्छ र परस्पर सम्बद्ध विभिन्न घटना प्रसङ्गलाई विश्वसनीय र स्वाभाविक ढङ्गले नवीन रूपमा प्रस्तुत गरिएको हुन्छ । तर उत्तरवर्ती कथामा कथावस्तुको पुनर्लेखन गरी भिन्न संरचना निर्माण गर्ने, एउटा विधाभित्र इतर विधाका उपकरणको मिश्रण गरेर विधाको संरचना विघटन वा विनिर्माण गरिएको पाइन्छ । यसैगरी आख्यानमा कविता, नाटक, निबन्ध लगायतका अन्य विधा तत्त्वको मिश्रणबाट त्यसले आफ्नो पहिलेको पहिचानलाई आंशिक रूपमा विस्थापन वा ग्रहण गरेर पृथक् परिचयका रूपमा आफ्नो उपस्थिति जनाउँछ । अतः समकालीन साहित्यमा विभिन्न विनिर्माणिक प्रक्रियाको प्रयोगले पाठलाई भञ्जन गरिएको देखिन्छ ।

## विमर्श र नतिजा

साहित्यको गद्याख्यान विधा कथा एउटा भाषिक संरचना पनि हो । यसलाई प्रचलित सैद्धान्तिक ढाँचाभन्दा भिन्न किसिमले संरचना विघटनका कोणबाट विनिर्माणिक अध्ययन गर्न सकिन्छ । 'वि.सं २०८१ को मुनामदन' कथामा समाजमा विगतदेखि नै एउटा स्थापित मान्यता वा

घटनासन्दर्भ बनेको वैदेशिक यात्रालाई पुनर्व्याख्या गरिएको छ । यसैगरी कथामा अन्य विभिन्न विधाका तत्त्वहरूको प्रविष्टिले केन्द्रको विघटन वा विनिर्माण भएको पाइन्छ । यस कथामा कवितात्मकता, नाटकीयता आदिका प्रयोगका साथै पूर्वपाठको कथ्यको पुनर्लेखनद्वारा विधान्तरण भएको देखिन्छ । विवेच्य कथा 'वि.सं २०८१ को मुनामदन' मा विनिर्माणको विश्लेषण गर्नका लागि प्रस्तुत गरिएका कथ्यलाई आधार मानिएको छ ।

**कथ्यको पुनरावृत्ति**

प्रस्तुत 'वि.सं. २०८१ को मुनामदन' कथामा कथ्य र पात्रको पुनर्लेखन गरी विनिर्माण गरिएको छ । यसमा लक्ष्मीप्रसाद देवकोटाको *मुनामदन* खण्डकाव्यको कथ्यविषयलाई आधार बनाइएको छ । आजभन्दा नौ दशकअघि लेखिएको मुनामदनमा गरिबीका कारण रोजगारीको लागि भोटतिर विदेसिएको गाउँले युवा मदनको कथालाई कथ्यवस्तु बनाइएको थियो भने त्यही विषयलाई नै 'वि.सं. २०८१ को मुनामदन' कथामा फरक किसिमले पुनरावृत्त गरिएको छ । *मुनामदन*को पूर्व पाठमा झैँ यस कथामा पनि रहर या करले धन कमाउन रोजगारीका लागि विदेसिने नेपाली युवाको जीवनसङ्घर्ष कथ्यविषयका रूपमा रहेको छ । समयले लामो अन्तराल पार गरे पनि उहिलेदेखि अहिलेसम्म नेपालीको नियति बनेको बिदेसिन बाध्य हुनु पर्ने समसामयिक समस्यालाई नवीन दृष्टिकोणबाट उठान गरिएको छ । यस कथामा सामान्य आर्थिक अवस्थाको सुखदुःख परिवारसँग बसिरहेको युवा पात्र मदन अमेरिका पुगेर फर्किएको गाउँले दाइ दलबहादुरको कुराबाट अत्यन्त आकर्षित बनेको छ । दलबहादुर अमेरिकाबाट गाउँ आएर राम्रो आर्थिक प्रगति गरी समृद्ध जीवन बाँचेर युवाहरूको आदर्श बनेको छ । तर उसको समृद्धिको स्रोत अदृश्य छ, उसले भित्रभित्रै अन्य युवाहरूलाई अमेरिकाको सुखसुविधाको मोह देखाउँदै प्रभावित पारी मानव तस्करी गर्ने पात्रको प्रतिनिधित्व गरेको छ । कथामा दलबहादुरको चस्मालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । जुन चस्मा (दृष्टिकोण)बाट हेर्दा देखिएको अमेरिकी समृद्धिको सपनाले मदनजस्ता कैयौँ युवालाई प्रभावित पारिरहेको कथ्यवस्तु देखिएको छ ।

> एकछिन अनकनाउँदै मदनले चस्मा लियो र लगायो ।
> "ओहो ! कस्तो सुहाएको तिमीलाई त !" दलबहादुरको यो वाक्यले मदन दङ्ग पऱ्यो ।
> बस्, यही क्षण थियो, सबै कुरा फेरिन शुरु भएको !
> त्यो तिलस्मी चस्माबाट मदनले हेर्दा सानो कुटीजस्तो आफ्नो झुपडी राम्रो कलात्मक पक्की घर बनेको, आँगनमा गाडी, घरमा काम गर्नलाई सहयोगीहरू र गाउँको सबैभन्दा राम्रो उब्जनी हुने खेत देखियो । आफूलाई पनि सुन्दर र सुकिला हातगोडा भएको हिरो अनुभूति भयो (पृ.७४) ।

उपर्युक्त कथांशबाट दृष्टिभिन्नता देखिएको छ । नेपाली युवाहरू वैदेशिक रोजगारीप्रति आकर्षित हुनुको मूल कारण गरिबी र बेरोजगारी हो । पहिलेको मुनामदनमा नेपालको सन्दर्भमा धन कमाउन जाने ठाउँ भनेको केवल भोट थियो । तर आजका दिनमा संसारका कुनै पनि देशमा विश्वव्यापी आवागमन खुला रहेकाले जहाँ पनि पुग्न सकिने हुनाले विदेशको अर्थमा विस्तार भएको छ । यस कथामा विदेशका रूपमा अमेरिका उल्लेख भए पनि चाहेर-नचाहेर विश्वका विभिन्न

मुलुकमा रोजगारीका लागि जाने मानिसहरूको ताँती दिनदिनै बढेको तीतो वास्तविकता बनेको छ । यसका साथै विदेश बसेर आउने दलबहादुरजस्ता व्यक्तिको सुविधासम्पन्न जीवनशैली तथा युवाहरूलाई दलालहरूले तिलस्मी चस्माबाट देखाउने अमेरिका (विदेश)को भव्य समृद्धिको वैभवपूर्ण सपना अर्को महत्त्वपूर्ण कारण हो । हाल मानिसमा अमेरिका जानुलाई कुनै ठूलो कुरा नठान्ने सोँचको विकास पनि भइरहेछ भन्ने साक्ष्य यसप्रकार छ :

> "हामीजस्ता मान्छे कहाँ जान सक्नु !" ऊ खुम्चियो ।
>
> "आऽऽ के कुरा गर्छौ ? आजको कुरा हो ? उहिले त मदन भोट गएर आएका थिए । अहिले अमेरिका जानुभन्दा उसबेला भोट जानु गाह्रो थियो होला । पहिले मदन भोट जान्थ्यो, अहिले अमेरिका जान्छ । अहिले त के छ र, टिकट काट्यो उड्यो ।" ...(पृ.७४) ।

उपर्युक्त साक्ष्यमा सुख, समृद्धिको प्राप्तिको मूल गन्तव्य केवल अमेरिका हो ठान्ने जमातलाई दलालले कसरी फुस्लाउँछन् भन्ने प्रस्तुत गरिएको छ । यसमा नेपालीका लागि भोट र अमेरिकाको पहुँचका माध्यमबाट तत्कालीन र वर्तमान युगको भिन्नतालाई प्रस्तुत गरिएको छ । देशभित्र बसेर गाँस, बास र कपासको आधारभूत आवश्यकता पूरा गर्न मुस्किल अवस्थाका कम विकसित मुलुकका बेरोजगार युवाहरूलाई अमेरिका लगायत विदेश मोहले तीब्र गतिमा तान्नु स्वाभाविक पनि देखिएको छ । त्यसैले सपनाको देश अमेरिकामा गएर प्रशस्त पैसा कमाई आफ्नो भविष्य बनाउने र परिवारको जीवनशैलीको स्तर उकास्ने हरेक मानिसको चाहना हुन्छ । धन कमाउन भोट जाने मान्यता परिवर्तन भई अमेरिका जानु विनिर्माणका दृष्टिबाट स्थापित मान्यताको भञ्जन र नवकेन्द्रको खोजी हो ।

देशमा विपन्नता र अस्तव्यस्तताको भुमरीमा पिसिएका युवाको विदेश मोहमा दलालले थपिदिएका अनेक भ्रामक आश्वासन र प्रलोभनले पनि अत्यधिक मलजलको काम गरेको देखिन्छ : "ढुक्क हुनुस्, प्रगति गर्छ मदनले । यस्तो मिहिनेती मान्छेलाई नै हो अमेरिका भनेको । यति पैसा कमाउनेछ कि यसले, यस्ता गैरीखेत र बजारको घडेरी त कुरै छोड्नुस्, यो गाउँ नै किन्न बेर छैन दुईचार वर्षमा"(पृ.७६)। अमेरिका भनेको पैसा फन्ने ठाउँ हो भनेझैँ गरी आज नेपाली समाजमा अम्रिकाने आकर्षण यतिसम्म बढेको छ कि त्यहाँ पुग्नु नै मदनजस्ता अधिकांश निम्नवर्गीय युवाको अभीष्ट बनेको देखिन्छ । नेपाली युवाहरूलाई विदेश पलायन हुन बाध्य पार्ने अन्य धेरै कारणहरूमध्ये राज्यको नीति वा व्यवस्थासँग सम्बद्ध देखिन्छ :

> दिनहुँ युवाहरू पलायन भइरहेको समय थियो । सबैका आआफ्नै कथा थिए । काम खोज्दा पाउने अवस्था थिएन । कलकारखाना बन्द थिए । मदनले पहिले त कतै काम पाउन सकिन्छ कि भनेर निकै कोसिस गरेको पनि हो । जता गए पनि आफ्नो मान्छे चाहिने र भनसुन चल्ने भएपछि उसले कुनै काम पाएन ।
>
> त्यसपछि एकजना साथीको सल्लाहबमोजिम केही जमिन भाडामा लिएर तरकारी खेती शुरु गरेको पनि हो तर यो व्यवसाय पनि घाटामा गयो । उल्टै केही ऋण बोकायो कृषिखेतीले ।

"फाइदा पनि कसरी होस्, बजारमा तरकारी महँगो भए पनि बिचौलियालाई फाइदा हुने र किसानले सस्तोमा बेच्नुपर्ने भएपछि ।" तरकारी खेतीको प्रसङ्ग चल्दा पटक-पटक उसले बोल्ने वाक्य यही थियो ।

उसलाई सबैसँग गुनासो थियो, "कसैले केही गरेनन् । उद्योगधन्दा खुलेनन्, सरकारले हेरेन । किसानलाई आउने अनुदानसमेत ठूलाबडा र कार्यकर्ताले नै लिन्छन् ।" चियापसल र गाउँघरमा ऊ यस्तै फलाकिरहन्थ्यो (पृ.७६) ।

उपर्युक्त कथांशले समसामयिक युगीन यथार्थलाई कथ्यका रूपमा प्रस्तुत गरेको छ । युवा जनशक्ति विदेसिन बाध्य हुनुका पछाडि देशको वर्तमान प्रतिकूल राजनीतिक व्यवस्था, भ्रष्ट नेतृत्व, अस्थिरता, वैश्विक परिवेशलगायत धेरै कुराहरू जिम्मेवार रहेका देखिन्छन् । देशमा केही गर्न खोज्ने युवालाई कुनै सहयोग र प्रोत्साहन नहुनु, भएका कलकारखाना बन्द हुनु र नयाँ नखुल्नु, रोजगारीको लागि चाकडी र भनसुनको प्रवृत्तिले सामान्य मानिस अवसरबाट वञ्चित छन् । सरकारले रोजगारी पनि नदिने, निजी व्यवसाय गर्ने उचित वातावरण पनि नपाउँदा अल्पविकसित देशका उर्जाशील युवा जनशक्ति जतातत‌ैबाट हतोत्साहित भएर विदेसिन विवश देखिन्छन् । सरकारको उदासिनता र अनुत्तरदायी भद्रगोल व्यवस्थाले किसानहरू कृषि व्यवसायमा अनपेक्षित घाटा ब्यहोर्न बाध्य छन्, बिचौलियाका कारण कृषि उत्पादनले उचित मूल्य प्राप्त नगर्नु र भ्रष्ट नेता-कार्यकर्ताका पोल्टामा कृषि अनुदान पुग्नुले वास्तविक किसान मर्कामा परेको विषय अर्को समस्याका रूपमा देखिएको छ । यस्तो अवस्थाको चित्रण देशको केन्द्रीकृत अव्यवस्थाप्रतिको मार्मिक व्यङ्ग्य पनि हो ।

प्रस्तुत कथामा पूर्व पाठबाट मुना र मदनको उही नाममा पात्रगत पुनरावृत्तिका साथै चरित्रको पनि पुनर्लेखन गरिएको पाइन्छ । मदनको भूमिका कथामा उल्लेख्य भए पनि मुनालाई गौण पात्रजस्तो बनाइएको छ । त्यसैगरी कथाका पात्रहरूले सपनाको देश अमेरिका रोज्नु पर्ने विभिन्न बाध्यता पनि कथ्यका रूपमा जोडिएको छ । प्राकृतिक प्रकोपले गरेको विनाशका कारण, पारिवारिक जिम्मेवारी पूरा गर्न बुढेसकालमा विदेसिने गोपालजस्ता धेरै विवश पात्रका पनि बेग्लै कथा छन् : *"दुईजना छोरीको विवाह गर्नु छ, बाढीले खेत बगाएर बसाइँ नै सर्नुपऱ्यो । पर्ती जग्गामा कति बस्नु, एक टुक्रो जमिन किन्नु छ । स्वास्नी रोगले थलिएको थलियै छे । ओखती उपचार गर्नु छ ।"*(पृ.८०) । आय आर्जनका काम खोज्दै लाखौँ खर्च गरेर विदेश जाने लहर, रहर र कहर हरेक घरघरको कहानी बनेको छ । परिवारको दायित्वबीच पनि समृद्ध जीवनको लोभ र बाध्यतामा फसेर युवाहरू दिनप्रतिदिन कष्ट झेल्दै विदेसिँदा कति बाटैमा जीवनलीला समाप्त गरेका छन्, कति हराइरहेका छन्, कतिले प्रगति पनि गरेका छन् भने कतिका उठीबास पनि भएको घटना समाजमा देखिइरहेका छन् । कतिपयमा वैदेशिक रोजगारी गर्न बूढा बाउआमा र श्रीमतीलाई छोडेर परदेश जाने मन नभए पनि बाध्यता हुन्छ भन्ने कुरा आजका मुनामदनमा पुनरावृत्त भएको छ ।

प्रस्तुत कथामा नारी-पुरुषको लैङ्गिक द्विचरलाई भत्काइएको छ । अहिलेको युगमा वैदेशिक रोजगारमा पुरुष मात्र जाने अनि उसको कमाइले मात्र परिवार पाल्ने भन्ने लैङ्गिक केन्द्रीयताको मान्यता पनि भत्किँदै गएको छ । कमाउने ठाउँ अमेरिका मात्र होइन, यसका विकल्पमा कतार, कुबेत आदि पनि रोजगारका लागि सुगम गन्तब्यस्थल बनेका छन् । पुरुषहरूसँगै रोजगारीका लागि

विश्वका जुनसुकै मुलुकमा नारीहरू पनि पुगेका छन्, उनीहरू पनि काम गर्न, पैसा कमाउन र परिवारको पालन गर्न सक्षम छन् भन्ने अर्थमा कथ्यको विनिर्माण गरिएको छ ।

यसका साथै कथामा विदेशको अर्थगत निश्चिततामा पनि परिवर्तन भएको छ । मदन घरमा आमाबाबु र भर्खर बिहे गरेकी आफ्नी नवविवाहित मायालु पत्नीलाई एक्लै छाडेर मुगलान पस्ने त्यस्ता युवकहरूको प्रतिनिधि पात्र हो । ऊ देशमै भनेजस्तो काम पाए घर परिवारबाट टाढा जान चाहँदैन भन्ने उसका अभिव्यक्तिबाट पनि झल्किएको छ । यसका साथै कथामा विदेशको अर्थगत निश्चिततामा पनि परिवर्तन भएको छ । अमेरिका जान गाह्रो छ भन्ने थाहा हुँदाहुँदै पनि मदन धन कमाई घडेरी किन्ने आशमा विदेश जान आवश्यक ठान्छ । त्यसैले ऊ ऋण काढेको चालीस लाख दलाललाई बुझाई जोखिम मोलेर बडो हण्डर खाँदै ज्यान हत्केलामा राखी अवैध रूपमा जङ्गलको बाटोबाट अमेरिका पुगेको छ ।

> “मेरो त भएको एउटा गैरीखेत । त्यो पनि यता आउँदा साहुसँग पैसा लिएको छु । एक वर्षभित्र नतिरे उसकै नाउँमा पास गरिदिने कागज गरेको छु । भोलिपर्सि बालबच्चाको पनि कुरा आउला ” । मदन भन्थ्यो र चस्मा किनिछोड्ने आफ्नो इच्छा चाखलाग्दो शैलीमा व्यक्त गर्दथ्यो (पृ.८६) ।

उपर्युक्त कथांशले मदनको मात्र नभई विभिन्न कारणबाट विदेसिने सामान्य वर्गका मानिसहरूको अवस्थालाई प्रतिनिधित्व गरेको छ । देवकोटाकालीन मुनामदनमा अहिलेजस्तो ऋण काढेर बिदेसिने प्रचलन थिएन । तर हाल मदनजस्ता लाखौँ युवाहरू भएभरको घरखेत बन्धकी राखेर साहुसँग ऋण काढी आफ्नोसँगै भावी पिँढीका लागिसमेत सुखमय भविष्यका लागि समृद्धिको चस्मा किन्न हिँडेका छन् । पात्रहरूको सोचमा अमेरिका पुग्नु जीवन फेरिनु र कुनै जादु भएर अर्को दुनियामा पुग्नु हो भने विदेशमा दुःख गरेर कमाएको सम्पत्तिले स्वदेशमा फर्किएर जमिन किन्ने, खेती गर्ने, गाई पालन र डेरी खोल्ने सपना (पृ. ८६) निम्न मध्यमवर्गीय अधिकांश मानिसका साझा चाहना पनि हुन् । यसबाट परिवारसँग सुखपूर्वक बस्न पाइने आशामा मनभरि अनेक आशङ्का लिएर रोजगारी खोज्न लाखौँ तिरेर अवैध तरिकाले महिनौँ जङ्गलको बाटो हिँडेर अमेरिका जानेहरूको कहालीलाग्दो पीडा अवर्णनीय देखिन्छ । बाटोमा आपत् पर्दा सहयोग गर्ने दयालु हात पनि छन् अनि मर्नलाग्दा छोडेर पनि हिँड्नुपर्ने बाध्यतालाई सनमान, गोपाल आदि पात्रका माध्यमबाट प्रस्तुत गर्नु पनि मुनामदनकै कथ्यको समकालीन सन्दर्भअनुसार भिन्न प्रकारले गरिएको पुनर्सिर्जन हो ।

प्रस्तुत कथामा *देशमा काम पाइन्न; पैसा कमाउन विदेशै जानुपर्छ* भनेर निर्माण भएको भाष्यको पनि खण्डन गरिएको छ । दलालको चक्करमा हरेक हण्डर खाँदै अमेरिका पुगी सास फेर्न नपाउँदै शरणार्थी बनी भित्रिएका मदनलगायतका नेपालीलाई अमेरिकी पुलिसले पक्रेर केही समयमै नेपाल फिर्ता पठाउँदा मदनले वैकल्पिक काम खोजेर कमाउन थालेको छ । रिनैरिनमा डुबेको मदन रित्तै हात गाउँ जान नसकी काठमाडौँमा भौँतारिदैँ गरेको बेला संयोगबस चिनारूको सहयोगले पठाओ चालकको काम गरी राम्रै आम्दानी गरिरहेको हुन्छ । यसबाट अमेरिकामा पैसाको बोट हुन्छ भनेजस्तो गरी अनिश्चित भविष्य बोकी लाखौँलाख खर्चेर जाने र ठगीमा पर्नेहरूको व्यथालाई

उजागर गरिएको छ । विदेशका आशमा दलालबाट ठगिनुभन्दा स्वदेशमै बसेर सानोतिनो लगानीमा मेहेनतसाथ काम गरेर कमाउन सकिन्छ भन्ने मदनमार्फत् देखाइएको छ । यही कथ्यलाई पुनसिर्जन गरी 'वि.सं.२०८१ को मुनामदन' कथामा चाहिँ मदन घर फिर्न लागेको हो वा अन्यत्र कतै जान लागेजस्तो देखिएको छ, "तर, ग्राहकलाई होइन, मुनाको मदन आफैँलाई बोकेर त्यो पठाओ बसपार्कतिर सोभिएर गुडिरहेको थियो" (पृ. ९२) भन्ने अनिश्चयात्मक अवस्थामा कथानक समाप्त हुन्छ । यसबाट कथ्यको नाटकीकरण र अर्थगत अनिश्चितता पनि देखिएको छ । यसरी पुननिर्मित कथानकमा वर्तमान समयमा अनेक जोखिम मोलेर, घरखेत बेचेर वा ऋण काढेर दलालमार्फत कष्टकर बाटोबाट विदेश/अमेरिका जान मरिहत्ते गर्ने, बाटैमा मर्ने र पुगे पनि अलपत्र रित्तो हात देश फर्किन विवश नेपाली युवाहरूको नियतिलाई प्रस्तुत गरिएको छ । समग्रमा देशकै गम्भीर समस्याका रूपमा चिन्हित युवा पलायनको समकालीन विषयलाई प्रमुख कथ्यसँग जोडेर पुनर्सिर्जन गरिएको छ ।

*मुनामदन*को पूर्व पाठको प्रमुख पात्र मदन भोट जानु र यस कथाको मदन अमेरिका जानुको उद्देश्यमा समानता भए पनि कारकतत्त्वमा भिन्नता रहेको देखिन्छ । उहिलेको मदन पाटीपौवा बनाउने आमा इच्छा र दूधको भारा तिर्ने अठोट पूरा गर्न साथीहरूसँग भोट गएको कथावस्तु छ । समय परिस्थिति परिवर्तन भए पनि अहिलेको मदन अरूको प्रगतिबाट लोभिएर पक्की घर, चिल्लो गाडीजस्ता भौतिक सुखसुविधाका वस्तुको चाहना परिपूर्तिका निम्ति पैसा कमाउन आफ्नो भएको जायजेथा बेचेर विदेसिएको छ । पहिले मुनामदनमा मदन घर फर्किँदा मुनाको मृत्यु भइसकेकाले धनपैसा केही होइन रहेछ भन्ने निस्सार अर्थलाई उल्ट्याउँदै यस कथामा मदनले धन जीवनमा महत्त्वपूर्ण रहेको देखाइएको छ । मूलपाठ *मुनामदन*मा धनलाई 'हातका मैलाका' रूपमा चित्रण गरिए पनि अहिले जसरी पनि धन कमाउनु एकमात्र अभीष्ट र बाध्यता बनिसकेको छ । यस कथामा ऋण काढेर अमेरिका जाँदाका सास्ती र खाली हात फर्काइँदाको पीडाका साथै पैसा कमाउन विदेशै जानुपर्छ भन्ने मान्यताको भञ्जन गरिएको छ । त्यसैले दलालको लहैलहैमा लागेर गैरकानुनी बाटोबाट अमेरिका गएर चाहेजति पैसा कमाई सुखको जीवन जीउन पाइन्छ भन्ने भ्रममा भएको सम्पत्ति पनि सिध्याएर बिदेसिने प्रवृत्तिलाई चिर्न तथा कल्पना र यथार्थबीचको भिन्नता देखाउन कथ्यलाई भिन्न तरिकाले पुनर्लेखन गरिएको छ । त्यस्तै युवा पुस्ताको सपनाको देश बनेको अमेरिका मात्रै सबथोक वा गन्तव्यको अन्तिम विकल्प होइन र मेहेनत गरे देशमा कमाएर बाँच्न सकिने विभिन्न अवसर छन् भन्ने आशावादी दृष्टिकोणबाट पनि कथ्यमा विनिर्माण गरिएको छ । वैयक्तिक खुसीभन्दा पारिवारिक प्रेमलाई जीवनको आधार मानी रङ्गीन सपनाका लागि विदेसिने व्यक्ति तथा तिनका परिवारले खेप्नुपर्ने मानसिक सङ्घात पनि भिन्न स्वरूपमा परिवर्तन हुँदै गएको छ । अतः विवेच्य कथामा विविध कारणबाट विदेसिन चाहने समकालीन युवा मनोवृत्ति र प्रवृत्तिलाई समेटेर पूर्व पाठको कथ्यवस्तु र पात्रको पुनरावृत्तिको माध्यमबाट विनिर्माण गरिएको छ ।

**कथ्यवस्तुमा बहुलताको मिश्रण**

'वि.सं. २०८१ को मुनामदन' कथाले वर्तमान नेपाली समाजको युगीन प्रतिबिम्ब उतारेको छ । यसमा देशको समकालीन परिस्थितिका सन्दर्भका साथै युवाहरूको विदेश मोहका कारण, चुनौती र सम्भावनाका समसामयिक विषय वा कथ्यको बहुलता रहेको पाइन्छ । पहिले देवकोटाको

*मुनामदन* धनभन्दा प्रेमको सर्वोपरितालाई केन्द्रमा राखेर सिर्जना गरिएको थियो भने अहिले यस कथामा विविध विषयलाई पुनर्सिर्जन गरिएको छ । तीबाहेक पनि अन्य धेरै टुक्रे कथाहरू वरपर यत्रतत्र छरिएका हुन्छन् : "पठाओ चलाउँदा अनेक मानिसहरूसँग भेट हुन्थ्यो । अनेक मानिसका अनेक कथा हुन्थे, कुनै रमाइला र कुनै दुःखलाग्दा"(पृ.८७) । त्यस्तै अर्को कथ्यले वर्तमान समाजमा धर्मको आडमा मानिसमा अन्धविश्वास बढाउने र त्यसबाट पैसा कमाइखाने प्रवृत्तिले विचलन आइरहेको छ भन्ने उदाहरणबाट यसप्रकार देखिन्छ :

- परमेश्वरले सबै रोग र पापबाट मुक्त गर्नुहुन्छ ।
- परमेश्वरले बाटो देखाउनुहुन्छ ।
- परमेश्वरको इच्छाले यो संसार चलेको छ ।
- परमेश्वरले दुःख र गरिबीबाट मुक्त गर्नुहुन्छ । ...

> यसरी तिनै रामकृष्ण आज यहाँ भेटिएका थिए । परमेश्वरले बाटो देखाएको र गरिबीबाट मुक्त गरेको प्रत्यक्ष देखियो । खासमा उनले प्रचारमा धेरै वर्ष हिँडेपछि मनग्गे पैसा कमाएछन् । बानेश्वर चोकमा घर हालेछन् र नयाँ घरमा रूद्री लगाएर सर्ने तरखरमा रहेछन् ...(पृ.८८) ।

उपर्युक्त साक्ष्यमा हिन्दूधर्मबाट क्रिस्चियन पाश्चर बनेर धर्म प्रचार गर्दै हिँड्ने रामकृष्ण दवाडीको आर्थिक परिवर्तनका साथै नयाँ घर सर्दा रूद्री पूजापाठ लगाएको विषयलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । यसरी कथामा धर्मान्तरणको विचलन वा विपर्यासको स्थितिका साथै कथ्यविषयको बहुलताको प्रयोगले पाठमा विनिर्माणिक चेतनालाई प्रश्रय दिएको छ । त्यस्तै मुनामदनको ***मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन*** भन्ने सारवस्तुलाई यस कथामा सनमान पात्रले निर्वाह गरेको भूमिकाबाट पुनरावृत्ति गरिएको छ । यसरी विनिर्माणले पाठमा अनुपस्थिति रहेका विभिन्न लुप्त अर्थहरू, परिधिमा रहेका घटना र पात्रहरूका खोजीका साथसाथै खुला पाठका रूपमा बहुल अर्थका सम्भावनाहरू प्रस्तुत गर्दछ । अतः यस कथामा कथ्यको पुनर्सिर्जन र बहुलताको प्रयोग गरी समकालीन समाजका युगीन समस्याका विविध आयामलाई फरक कोणबाट प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा गरिबीबाट उन्मुक्ति र आर्थिक समृद्धिको सपना मूल विषय हो भने त्यसमा अन्तर्निहित अन्य धेरै विषयहरू छन् । उपर्युक्त विषयहरू परस्पर सम्बद्ध भए पनि यिनका बारेमा बेग्लै कथा बन्न सक्दछ । समाजमा मानव तस्कर वा दलालले छर्ने विदेशी भ्रमले आकर्षित हुनु, कृषिप्रधान भनिने देशमा कृषिक्षेत्रका समस्या, खेतीपातीप्रति नयाँ पुस्ताको बढ्दो अरूचि, कृषकका उत्पादनले उचित मूल्य नपाउने र बिचौलियाको दबदबाको कथा अर्को विषय हो । त्यस्तै समकालीन राजनीतिक प्रणालीमा देखिएका विकृतिहरू, देशमा बढ्दो बेरोजगारी, भ्रष्टाचार, अनैतिकता, दलालीतन्त्रले उब्जाएका अनेक समस्या अलग विषय हुन् । समकालीन समयमा अबैध बाटोबाट हुने मानव तस्करीका दुर्दान्त कथा, अमेरिकी सपनामा कष्टकर यात्रामा बाटैमा मृत्यु अँगाल्नुपर्ने बिडम्बनाका कथाका साथै आप्रवासनको विश्वजनीन समस्या बेग्लै छन् । समयानुकूल सानो लगानीबाट देशमै स्वरोजगार बन्नेका कथा, धर्म परिवर्तन गरी कमाउनेहरूका धन्दाको कथा, सुकुम्बासीका नाममा सरकारी घरजग्गा अतिक्रमण गरी घरभाडा खानेका कथाहरू खोजिनु पर्ने

पाटो हुन् । यसरी यस कथामा भ्रम र वास्तविकताबीचको अन्तर्द्वन्द्व कथ्यका रूपमा प्रस्तुत भएको छ । युवाहरू देश छाडेर विदेसिन खोज्नुका पछाडि गरिबी मात्र मूल कारण होइन भन्ने तथ्य लाखौँ खर्च गरेर जान तयार देखिने मानिसका हुलले प्रस्ट पारेका छन् । हरेक समस्याको केन्द्रमा देशको वर्तमान राजनीति रहेको सन्दर्भलाई प्रस्तुत गर्दै कथामा बहुल विषयको संयोजन गरिएको छ ।

### कथामा नाटकीयता

'वि.सं. २०८१ को मुनामदन' कथामा नाटकीय तत्त्वहरूको उपस्थिति रहेको छ । यसमा नाटकका महत्त्वपूर्ण तत्त्वहरू संवाद र द्वन्द्व रहेको पाइन्छ । संवाद नाटकलाई अन्य विधाबाट अलग्याउने प्रमुख तत्त्व हो । नाटकमा संवाद नाटककारका लागि कथावस्तु रचना गर्ने आधार, चरित्र चित्रण गर्ने माध्यम तथा विचार प्रस्तुति गर्ने साधन भएकाले नाटकमा संवादको अनिवार्यता रहन्छ (थापा, २०५०, ८७) । नाटकको संवाद एकालापीय र वार्तालापीय प्रकारको हुन्छ । संवादबाट नै नाटककारले आफ्ना अनुभूति दर्शकसामु पुऱ्याउँछ र दर्शकले यसकै माध्यमबाट नाटकका सूक्ष्मातिसूक्ष्म कुरालाई बोध गर्ने हुनाले संवाद नाटकको प्रमुख तत्त्व मानिएको छ । यस 'वि.सं. २०८१ को मुनामदन' कथामा प्रस्तुत संवाद यस प्रकार छ :

साक्ष्य :

"अम्रिकाने दाइको जस्तो जिन्दगी पो जिन्दगी ।" मदनले मनमनै सोच्यो र बोल्यो, "दाइ हाम्रो घरमा आउनु भनेको त सोमबारे औँसी पर्नु जत्तिकै हो । चिया खाऊँ है दाइ ?"

"यसै घुम्दै निस्केको । हुन्छ, दूध हालेको चिया खाऊँ न त ! चिनी कम !" दलबहादुरले यति भनेर लगाइरहेको चस्मा तान्यो र सर्टको फेरले पुछ्न थाल्यो ।

"यो कस्तो चस्मा हो दाइ ? राम्रो देखिन्छ होला है ?" मदनले चासो देखायो ।

"यो अमेरिकाबाट ल्याएको चस्मा हो । यहाँ पाइँदैन । ल एकपालि लगाई हेर न !" मदनलाई चस्मा दिँदै दलबहादुरले भन्यो ।

एकछिन अनकनाउँदै मदनले चस्मा लियो र लगायो ।

"ओहो ! कस्तो सुहाएको तिमीलाई त !" दलबहादुरको यो वाक्यले मदन दङ्ग पऱ्यो ।

बस्, यही क्षण थियो, सबै कुरा फेरिन शुरु भएको ! (पृ.७४) ।

उपर्युक्त साक्ष्यमा नाटकीय वार्तालाप वा संवादबाट कथ्यलाई अघि बढाइएको छ । यसअनुसार नेपाली युवाहरूलाई लोभ्याउने विशेष कुरा अमेरिकाप्रतिको दृष्टिकोण अर्थात् 'तिलस्मी चस्मा' हो । यसमा कथाको मुख्य पात्र मदन र अर्को सहायक पात्र दलबहादुरका बीचमा भएको वार्तालापीय संवाद प्रस्तुत भएको छ । प्रतीकात्मक अर्थ दिने यस चस्माबाट देखिने भ्रमपूर्ण सपनाका दृश्यसन्दर्भले मानिसहरूमा अमेरिकाप्रति मोह जागृत भएको छ । 'तिलस्मी चस्मा' ले मदनका मनमा निकै आन्तरिक द्वन्द्व उत्पन्न भएको छ । त्यसैले कसरी पैसा जुटाएर अमेरिका जाने गाउँले युवाको आदर्श व्यक्तिले वर्तमान विश्वव्यापीकरणको युगमा नेपालमा नपाइने चस्मा भन्नुमा पनि नाटकीयता देखिएको छ । पहिलेको मुनामदनको कथ्यलाई समकालीन सन्दर्भानुरूप संवादका माध्यमबाट केही भिन्न रूपमा पुनर्सिजन गरिएको छ ।

**कथामा कवितात्मकता**

साहित्यको आख्यानात्मक विधा कथामा लयात्मक विधा कवितांशको प्रयोगले अन्तरविधाको मिश्रण देखिएको छ । प्रस्तुत 'वि.सं. २०८१ को मुनामदन' कथामा काव्यात्मक तत्त्वहरूको उपस्थितिले आख्यानको विनिर्माण गरिएको छ । कवितामा लयात्मकता र भाव पक्ष प्रमुख तत्त्व मानिन्छन् । यस कथामा मूल काव्यकृतिको शीर्षकको पुनरावृत्ति भएको छ साथै यसमा विषयवस्तुको विधान्तरण गरिएकाले पनि केही काव्यात्मक अभिलक्षण रहेको पाइन्छ । यसमा कथाका प्रमुख पात्र मदनले तल्लो बाटो अमेरिका जाने निर्णय गरेपछि मुनाले प्रकट गरेका विरहवेदना गीतिलयात्मक ढाँचामा कथांशका रूपमा प्रस्तुत छन् :

मुना : नछोडी जानू कि सँगै लानू विदेश मलाई
कसरी बस्नू अकेली मैले यो घर चलाई
हे मेरा प्यारा आँखाका तारा जीवनको सहारा
घर हेरी बस्नू म आफैं जान्छु कुबेत कतार (पृ.७५)

उपर्युक्त कवितांश वा गीतिअंश यस कथामा विधामिश्रणको रूपमा आएको छ । मुनाले प्रकट गरेका केही विरहवेदनाका अभिव्यक्ति पूर्व पाठमाझैं लयात्मक ढाँचामा तर विनिर्मित रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत गीतिअंशमा मुनाले बिहे गरेको छ महिना पनि नभई अमेरिका जान लागेको मदनलाई अनुरोध गरेकी छ । यस कथांशमा पूर्वपाठ देवकोटीय मुनामदनको कथ्यमा पुनर्निर्माण गरिएको छ । ऊबेला मुनाले मदनलाई *भोट नजाऊ; तिमीबिना म घरमा एक्लै कसरी बस्नू* (देवकोटा, २०५९, १) भनेर केवल विरह वेदनामात्र पोखेकी छ । तर यस कथामा आजकी मुना लोग्नेलाई परदेश नजाऊ मात्र भन्दिन, 'तिमी बाबुआमासँग घर हेरेर बस बरू तिम्रो सट्टामा म पैसा कमाउन कुबेत, कतार अर्थात् विदेश जान्छु' भन्ने आँट गर्छे । यस कवितात्मक अभिव्यक्तिका माध्यमबाट कथाको समग्र भावपक्ष प्रस्तुत गरिएको छ । कथामा प्रस्तुत भएका यी कथांशका सन्दर्भबाट समाजमा द्विचर विभाजनले निर्माण गरेको परम्परित पुरुषकेन्द्री भाष्यका विरूद्ध युगीन सोचमा आएको परिवर्तन र भिन्नता प्रस्ट देखिएको छ । यसले नेपाली समाजमा चलिआएको छोरा/पुरुषले धन कमाएर ल्याउनुपर्छ अनि बुहारी/नारीले घरव्यवहार सम्हालेर बस्नु पर्छ भन्ने परम्परित विभेदक मान्यताको पनि उत्क्रमण गरेको छ ।

मदन : हे मेरी मुना नभन त्यसो, मन रून्छ धर्धरी
किन म जान्थेँ जङ्गलको बाटो अप्ठेरो नपरी
फर्केर आउँला धन कमाई ल्याउँला किनुँला घडेरी
देशमै काम पाएछु भने जाँदिनँ म फेरि (पृ.७६) ।

उपर्युक्त कथांशका रूपमा आएका मदनका अभिव्यक्तिमा पनि लयात्मकता र भावपक्षको प्रवलता रहेको छ । विवशताको भावमा आर्थिक विपन्नता, बेरोजगारी मुख्य समस्या देखाइएको छ । आर्थिक समस्या परेकाले नै जङ्गलको कठीन बाटो अमेरिका जान लागेको र धन कमाई घर फर्केर परिवार सुखसयलसँग बसौँला भन्ने भाव प्रकट भएको छ । देशमा रोजगारीको अभावले बिदेसिन बाध्य युवाको प्रतिनिधित्व गर्दै यदि देशमै काम पाइने हो भने कोही कसैको पनि परिवारसँग बिछोडिने इच्छा नहुने सार देखाइएको छ । यस कथामा लयात्मक संरचना तथा भाव प्रवलताका

कारण आख्यानमा कविताको मिश्रणले  रहेको देखिन्छ । आख्यान मान्यता विपरीत अनुच्छेदको सट्टा पद्यात्मक पङ्क्तिपुञ्ज र लयात्मकताले संरचनालाई भिन्न बनाएको छ ।

**निष्कर्ष**

प्रस्तुत लेख 'वि.सं. २०८१ को मुनामदन' कथामा केकसरी विनिर्माण भएको छ भन्ने जिज्ञासामा आधारित भएर तयार पारिएको छ । यसमा लक्ष्मीप्रसाद देवकोटाको चर्चित काव्य *मुनामदन*को कथ्यसन्दर्भलाई रूपान्तरण गरिएको छ । यस अध्ययनबाट पूर्वपाठको कथ्यवस्तुलाई आख्यानीकरण गर्दै विधान्तरण गरिएको र आर्थिक विपन्नताका कारण विदेसिनुपर्ने मूल कथ्यसन्दर्भको पुनरावृत्ति भएको निष्कर्ष पाइएको छ । यसमा पुनरावृत्ति र पुनर्लेखनका साथै आख्यान मान्यताभिन्न पाठभित्र कथ्यबहुलताको प्रयोगका साथै नाटकीय संवाद र कवितात्मक अंशको विधामिश्रणद्वारा विनिर्माण गरिएको तथ्य प्राप्त भएको छ । यस कथामा गीतिलयात्मक मुनामदन काव्यको कथावस्तुलाई गद्याख्यानमा विधान्तरण गरिनुलाई पुनर्लेखनको विनिर्माणिक प्रवृत्तिका रूपमा लिइएको छ । त्यसैगरी उहिले र अहिलेको समय फेरिए पनि मान्छेका समस्या र नियतिमा खासै परिवर्तन नआएको अवस्थालाई यस कथामा फरक शैलीमा रहस्यात्मक अन्त्यमा टुङ्ग्याइनु अर्थगत अनिश्चितता र खुला पाठको रूपमा देखिन्छ । ऐतिहासिक समय सन्दर्भलाई समकालीन युगीन परिवेशमा पुनर्सिर्जन गर्दै आज पनि नेपाली समाजका मुनामदनहरू धन कमाउन विदेसिने परम्परा कायमै रहे पनि त्यसको गन्तव्य र सीमा विस्तारका साथै अर्थमा पनि विस्तार भएको देखिन्छ । समाजमा स्थापित मान्यता, परम्परित मूल्यका साथै आस्था र विश्वासको भञ्जन, द्विचरविरोधका भञ्जनका जस्ता प्रवृत्तिले पनि कथामा विनिर्माण देखिएको छ । अतः 'वि.सं. २०८१ को मुनामदन' कथा पूर्वपाठको कथावस्तुलाई समय सान्दर्भिक आख्यानीकरण गर्दै विविध प्रक्रियाद्वारा पुनर्सिजन गरिएको विनिर्माणिक कथा हो भन्ने अध्ययनको निष्कर्ष रहेको छ ।

## सन्दर्भ सामग्री

गौतम, लक्ष्मणप्रसाद (२०६६),*नेपाली साहित्यमा उत्तरवर्ती समालोचना,* ओरिएन्टल पब्लिकेसन प्रा.लि. ।

क्षितिज, रमेश (२०८१), 'वि.सं. २०८१ को मुनामदन', *एउटा मायी नगरमा,* बुक हिल ।

थापा, हिमांशु (२०८०), साहित्य परिचय (सातौँ संस्करण), साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०५९), मुनामदन (चौबिसौँ संस्करण), साझा प्रकाशन ।

बेरी, पिटर (सन् २००२), बिगिनिङ थ्योरी (तेस्रो संस्करण), म्यानचेस्टर युनिभर्सिटी प्रेस ।

भट्टराई, गोविन्दराज (२०६२), उत्तरआधुनिक ऐना, रत्न पुस्तक भण्डार ।

भाउपन्थी (२०७०), आख्यानकार विश्वेश्वरप्रसाद कोइराला : पुर्नपाठ, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, जीवनकुमार (२०७९), ' अधिआख्यानको सैद्धान्तिक निरूपण', *रत्न बृहत् नेपाली समालोचना* ( भाग-३) (सम्पादक, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), रत्न पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०७६), 'आधुनिक कथाको रचनाविधान', *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड,* (सम्पादक, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, विन्दु (सन् २०२२) 'समकालीन नेपाली कथामा प्रयुक्त कथानकका स्रोत', *इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन,* ७, (२). २३ - ३५ ।